नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय, हुम्ला

**ईलाका प्रशासन कार्यालय, सर्केगाड, हुम्ला**

# नागरिक वडापत्र

| सि.न. | काम | लाग्ने समय | आवश्यक पर्ने कागजात प्रमाण | लाग्ने दस्तुर/शुल्क | कैफियत |
|---|---|---|---|---|---|
| १. | नागरिकता प्रमाण पत्र दिने (वंशज र वैवाहिक अंगिकृत) | सम्पूर्ण कागजात प्रमाण पुगेमा सोही दिन । | **१) वंशज नागरिकता प्रमाण पत्रको हकमाः**<br>क) सम्बन्धित वडा कार्यालयको अनुसूची फाराम १ ।<br>ख) बाबु वा आमाको नागरिकता प्रमाण पत्र र सनाखत ।<br>ग) जन्म दर्ता, शैक्षिक योग्यताको प्रमाण ।<br>घ) दाजु वा भाईले सनाखत गर्ने भएमा सम्बन्धित व्यक्तिको नागरिकता प्रमाण पत्र वा तिन पुस्ता भित्रका नातेदारसँगको फोटो सहितको नाता प्रमाणित प्रमाण पत्र र ना.प्र.। उक्त प्रमाण नखुलेको वंशज खुल्ने अन्य प्रमाण ।<br>ङ) थप प्रमाण आवश्यक भएमा प्रहरी सर्जमीन मुचुल्का ।<br>च) बसाई सराई गरी आउनेको हकमा<br>➢ स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको बसाई सराई दर्ता प्रमाण पत्रको प्रतिलिपि ।<br>➢ जग्गा धनी दर्ता प्रमाण पत्रको प्रतिलिपि ।<br>➢ मतदाता परिचयपत्र ।<br>➢ पानी, बिजुली, टेलिफोन महशुल कार्ड जस्ता प्रमाण ।<br>➢ सम्बन्धित जिल्ला बुझेको अभिलेख ।<br>छ) विवाहित महिला भएमा<br>➢ पतिको नागरिकता प्रमाण पत्र ।<br>➢ विवाह दर्ता प्रमाण पत्र ।<br>➢ बाबुको ना.प्र. वा बाबुको नाम खुल्ने आमा, दाजु, भाई वा दिदी, बहिनीको नागरिकताको प्रमाण पत्र ।<br>➢ पति पट्टीका व्यक्ति (ससुरा, सासु, देवर, जेठाजुको सनाखतमा ना.प्र लिने हुँदा | रु. १० को हुलाक टिकट | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | सम्बन्धित व्यक्ति सँगको नाता प्रमाणित प्रमाण पत्र ।<br>➢ अटो साईजको २ प्रति फोटा, थप प्रमाण आवश्यक भएमा प्रहरी सर्जमीन साथै अन्य सार्थक प्रमाण ।<br>**२) बैवाहिक अंगिकृत नागरिकता प्रमाण पत्रको हकमा**<br>क) सम्बन्धित वडा कार्यालयको अनुसूची फाराम ७ ।<br>ख) पतिको ना.प्र र विवाह दर्ता प्रमाण पत्र ।<br>ग) नागरिकता परित्याग निस्सा वा अन्यको हकमा परित्याग प्रक्रिया बढाएको निस्सा ।<br>घ) माईती तर्फको आधार कार्ड र अध्ययन गरेको भए शैक्षिक प्रमाण पत्र ।<br>ङ) भारतीय बाहेक अन्य नागरिकको हकमा No objection letter, राहदानी पेश गर्नु पर्ने ।<br>च) पति नभएमा सनाखत बस्ने एकाघरका परिवार सँगको फोटो सहितको नाता प्रमाणित पत्र ।<br>छ) अटो साईजको २ प्रति फोटा । | | |
| २. | नागरिकता प्रमाण पत्र (कर्मचारी परिवार) | सम्पूर्ण कागजात प्रमाण पुगेमा सोही दिन । | **१. कर्मचारी परिवारका नाताले ना.प्र लिँदाका हकमाः**<br>क) वडा कार्यालयको सिफारिस सहितको अनुसूचि-१ ।<br>ख) जिल्लामा कार्यरत नेपाल सरकारको स्थायी कर्मचारी, नेपाल सरकारको स्वामीत्वमा रहेको संस्थान, विश्वविद्यालय वा सामुदायिक विद्यालयको कार्यरत स्थायी कर्मचारी तथा शिक्षक भएको प्रमाण ।<br>ग) कार्यरत कार्यालयको सिफारिस पत्र ।<br>घ) पिता वा पतिको ना.प्र सहित सनाखत ।<br>ङ) अटो साईजको २ प्रति फोटा । | रु. १० को हुलाक टिकट । | |
| ३. | नागरिकता प्रमाण पत्रको प्रतिलिपि | सम्पूर्ण कागजात प्रमाण पुगेमा सोही दिन । | क) सम्बन्धित वडा कार्यालयको सिफारिस सहितको अनुसूचि-२ फाराम ।<br>ख) नागरिकता प्रमाण नहराई पुरानो भई बिग्रिएको/ च्यातिएको भए प्राप्त गरेको सक्कलै पुरानो नागरिकता प्रमाण पत्र ।<br>ग) नागरिकता प्रमाण पत्र प्राप्त गरेकै ना.प्र र मिति खुलेको निबेदन ।<br>घ) २ प्रति अटो साइजको फोटो<br>ङ) अन्य जिल्लाको प्रतिलिपि नागरिकता प्रमाण पत्रको हकमा बसाईसराई प्रमाण पत्र, जग्गा पूर्जा, मतदाता परिचय पत्र तथा अन्य सार्थक प्रमाण र नागरिकताको अभिलेख । | रु १३ को हुलाक टिकट । | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४. | राहदानी सिफारिस र जारी गर्ने | सम्पूर्ण कागजात प्रमाण पुगेमा सोही दिन र राहदानी विभागबाट छापेर आएपछि । | क) राहदानीको फाराम थान २ र निवेदन साथ पेश गर्नुपर्ने ।<br>ख) ३५mm*४५mm साईजको फोटो थान ४ ।<br>ग) नागरिकता वा नाबालक परिचय पत्रको सक्कल कपी साथ फोटोकपी थान १ पेश गर्नु पर्ने ।<br>घ) पुरानो राहदानी भएको अवस्थामा सोको सक्कल र फोटोकपी समेत पेश गर्नु पर्ने ।<br>ङ) द्रुत सेवाको लागि पासपोर्ट साईजको फोटो हुनुपर्ने । | - रु १० को हुलाक टिकट ।<br>-नयाँ राहदानी, राहदानी नविकरण र १० वर्ष भन्दा माथि उमेर भएका नाबालकको हकमा रु. ५०००।–<br>- हराएको /टि.डि/ क्षेतिभएको, च्यातिएको M.R.P. को रु १०,०००।- | हाललाई सेवा उपलब्ध नभएको सेवाग्राही को जानकारी का लागि मात्र । सेवा सुचारु भए पछि जानकारी गरिने । |
| ५. | नाबालक परिचय पत्र प्रमाणको हकमा | सम्पूर्ण कागजात प्रमाण पुगेमा सोही दिन । | क) वडा कार्यालयको सिफारिस ।<br>ख) बाबु, आमाको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।<br>ग) विवाह दर्ता (बाबु र आमको) र नाता प्रमाणित प्रमाण पत्र ।<br>घ) बसाई सरी आएको हकमा, बसाई सराई दर्ता प्रमाण पत्र, जग्गा धनी पूर्जा, मतदाता परिचय पत्र, घर जग्गा कर निर्धारण कागजात ।<br>ङ) बाबु, आमाको मृत्यु भएमा मृत्यु दर्ता प्रमाण पत्र ।<br>च) हाल सालं खिचेको पासपोट साईजको फोटो ३ प्रति ।<br>छ) कर्मचारीको सन्तान भएमा माथिको अतिरिक्त सम्बन्धित कार्यालयको सिफारिस पत्र । | | |
| ६. | आदिवासी जनजाती प्रमाणित | सम्पूर्ण कागजात प्रमाण पुगेमा सोही दिन । | क) निवेदकको निवेदन ।<br>ख) स्थानीय तहको सिफारिस पत्र ।<br>ग) नागरिकता प्रमाण पत्र । | रु १० को हुलाक टिकट । | |
| ७. | दुवै नाम थर र जन्म मिति प्रमाणित | सम्पूर्ण कागजात प्रमाण पुगेमा सोही दिन । | क) निवेदकको निवेदन ।<br>ख) स्थानीय तहको सिफारिस पत्र ।<br>ग) नागरिकता प्रमाण पत्र । | रु १० को हुलाक टिकट । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | घ) एस.एल.सी.ई वा एस.ई.ई को शैक्षिक प्रमाण पत्र ।<br>ङ) सुरक्षा निकाय सँग सम्बन्धितको हकमा पेन्सन पट्टा वा पारिवारिक विवरण । | | |

द्रष्टव्यः

१) उपर्युक्त कामको लागि तोकिएको प्रमाण बाहेक कार्यालयले थप प्रमाण बुझ्न सक्ने छ ।

२) यस अनुसारको सेवा प्राप्त गर्न ढिलाई भएमा सर्वसाधारणले कार्यालय प्रमुख वा गुनासो व्यवस्थापन अधिकृत समक्ष शिकायत गर्न सकिने छ ।

३) कार्यालय सम्बन्धि सूचना प्राप्त गर्नु पर्ने भएमा सूचना अधिकारी समक्ष सम्पर्क गर्न सकिने छ ।